प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल

पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५५
नेपाल सम्वत् ११३२
इस्वी सम्वत् २०१२
बिक्रम सम्वत् २०६८

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- |
| | | वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |

# धर्मकीर्ति

(बौद्ध मासिक)

# THE DHARMAKIRTI

**A Buddhist Monthly**

**7th FEBRUARY 2012**

| वर्ष- २९ | अङ्क- १० | सिपुन्हि | माघ २०६८ |
|---|---|---|---|




**दोषारोपण गर्ने विचारले सधैं अर्काको दोष औंल्याइ-रहने वानी भएको व्यक्तिको चित्तमल (क्लेश) रूपी दुर्गुण बढ्छ। त्यसैले चित्तमल क्षय गरी मुक्त हुने मार्गबाट उ वञ्चित हुनेछ।**

**(मूर्ख व्यक्तिहरूको लागि) अर्काको दोष पत्ता लगाउँदै हिंड्ने कार्य सजिलो एवं (मज्जा) लाग्नेछ। तर आफ्नो दोष (खराव वानी र गलतीहरू) खोज्न मुश्किल एवं (नमज्जा) लाग्नेछ। त्यसैले उनीहरूले अर्काको दोष हिउँ छरे झैं छरेर हिंड्ने र आफ्नो दोष एवं कमजोरी भने जाली जुवारेले पासा छोपे झै छोप्दै हिंड्ने गर्छन्।**

**हिंसक, असत्यवादी, चोरी काम गर्ने, व्यभिचारी र मद्यपान गर्ने व्यक्तिले यही लोकमा आफ्नो उन्नतिको जड उखेल्दछ।**

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# धर्म स्वीकार गर्ने तरिका

धर्म भनेको प्रकृतिको स्वभाव एवं नियमलाई भनिन्छ । धर्म कुनै सम्प्रदायको नाम होइन । त्यसैले धर्म कहिले पनि साम्प्रदायिक हुन सक्दैन । भगवान बुद्धले प्राकृतकि स्वभावलाई प्रस्तुत गर्नुहुँदै धर्मको परिभाषा दिनु भएको छ । त्यसैले उहाँले मेरो धर्मलाई ग्रहण गर्नु भनी कसैलाई पनि करकापमा पार्नु भएको देखिँदैन । उहाँले धर्मलाई कुनै नाम दिएर लेबल लगाउनु भएको पनि देखिँदैन । उहाँले भन्नुहुन्छ –

"मैले वताएको शिक्षालाई तिमीहरूले आफ्नो दिमागले चिन्तन मनन गरी ठीक लागेमा मात्र स्वीकार गर्नु । करकापमा परी स्वीकार नगर्नु ।"

एक समय भगवान बुद्ध भिक्षुहरूको समूहंका साथ कोशल राज्यको केसपुत्त नाम गरेको कालामपुत्रहरूको गाउँमा पुग्नुभयो । त्यसबेला कालामहरूका नाइके ब्राह्मणले आफ्ना साथीहरू समक्ष यसरी आफ्नो विचार पोखे –

"साथीहरू हो ! श्रमण गौतम अर्हत सम्यक सम्बुद्ध हुनुहुन्छ । उहाँ आफुले जसरी बोल्नु हुन्छ, त्यसरी नै आचरण पनि गर्नुहुन्छ । विद्या र आचरणले सम्पन्न हुनुभएका उहाँ यथावादी तथाकारी हुनुहुन्छ । खराव, दुष्ट एवं क्रोधी व्यक्तिहरूलाई उहाँले असल, इमान्दार, एवं भलादमी मानिस बन्ने उपदेश दिनुहुन्छ । सत्य तथ्य कुरा मात्र गर्नु हुने उहाँ भगवान बुद्ध आज हाम्रो गाउँमा आउनु भएको छ । हामी सवै उहाँ समक्ष जाऔं । उनीहरू सबै (कालामहरू) भगवान बुद्ध समक्ष पुगी उहाँलाई नमस्कार अभिवादन गरी उचित स्थानमा बसी भन्न थाले –

"भो श्रमण गौतम ! तपाईं हाम्रो गाउँमा आउनु भएकोले हामीलाई ज्यादै खुशी लागेको छ । हामी विच रहेको गुनासो तपाईं सामु पोखी हाम्रो समस्या समाधान गर्न चाहन्छौं ।"

भगवान् बुद्धले उहाँहरूको समस्या बताउने अनुमति दिनु भएपछि उनीहरूले आफ्नो गुनासो यसरी प्रस्तुत गर्न थाले –

"हामीकहाँ थरीथरीका धर्म प्रचारकहरू आई आ-आफ्ना मत अनुसारका धर्मको परिभाषा दिन्छन् । उनीहरू आफ्नो धर्मको प्रशंसा गरी अरूको धर्मलाई खण्डन र आलोचना गर्छन् । त्यसैले हामीलाई कसको धर्म ठीक र कसको धर्म वेठीक, कुन धर्म सही र कुन धर्म गलत छुट्टाउन नसकी दोधारमा पारिरहेको छ । यस विषयमा तपाइँले हामीलाई ठीक सुझाव दिनुभई हाम्रो मनमा उब्जिरहेका शंका उपशंका र अन्दोल निवारण गरिदिनु भए वेश हुने थियो । "

यो कुरा सुनी भवान् बुद्ध भन्नुहुन्छ–

"हे कालामहरू ! तपाइँहरूलाई उचित विषयमा नै शंका लागेको छ । यस्तो विषयमा शंका उब्जिनु स्वभाविक नै हो । म बताउँछु राम्ररी सुन्नुहोस् –

"तपाइँहरूले कुनै पनि कुरा धर्म वा शिक्षा कोही पनि व्यक्तिबाट सुन्ने वित्तिकै आँखा; चिम्लेर स्वीकार नगर्नुहोला, हाम्रो धर्मग्रन्थमा उल्लेख भएको कुरो, हाम्रो परम्परागत धर्मसंग मिल्दो जुल्दो कुरो, धर्म पीटकमा लेखिएको कुरो, धर्म प्रवर्तक विद्वान गुरूले भनेको कुरो आदि आदि भन्दै एकै पटक अन्ध श्रद्धामा लागेर कुनै पनि कुरालाई स्वीकार नगर्नुहोला । जुनसुकै कुरा पनि आफूले गहन अध्ययन गरी राम्ररी गम्भिर रूपमा चिन्तन मनन गरी यसलाई ठीक हो वा वेठीक हो भनी छुट्टाउने कोशिश गर्नुपर्दछ । यसरी विचार गर्दा यदि कुनै कुरा पछिसम्म अहित हुने ठहरिएमा त्यसलाई अस्वीकार गरी त्याग्न सक्नु पर्दछ ।"

भगवान बुद्धले भन्नुभयो –

"हे कालामहरू ! लोभी मानिसले लोभ चित्तको वसमा परेर हिंसा, चोरी, भ्रष्टाचार, व्यभिचार एवं झूठो कुरोको सहारा लिई दूषित कार्य गर्न पुग्दछ । जसले गर्दा धेरै मानिसलाई अहित र वेफाइदा हुनेछ ।

यसरी नै द्वेष (क्रोध) चित्तको वसमा परेर क्रोधी मानिसले धेरैलाई दु:ख दिने, र बदला लिने काम गर्दछ । मोह (अज्ञानता) चित्त सहितको व्यक्तिले आफूलाई पनि अरूलाई पनि अहित र अशान्ति हुने नै काम गर्दछ ।

त्यसैले हे कालामहरू ! तपाईहरू नै भन्नुहोस् यी लोभ, द्वेष र मोह जस्ता दूषित चित्त कुशल हुन् कि अकुशल, खराब हुन् कि असल ? यी चित्तले गरिने कार्यहरू



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २४८

✍ **प्राज्ञ रीना तुलाधर (बनिया)**

*'परियत्ति सद्धम्म कोविद'*

**हनन्ति भोगा दुम्मेधं – नो चे पारगवेसिनो**

**भोगतण्हाय दुम्मेधो – हन्ति अञ्ञे व अत्तनं**

अर्थ –

पार तरी जाने बाटो नखोज्ने निबुर्द्धिलाई यश भोगले नष्ट गर्छ, भोग तृष्णाको कारण ती दुबुर्द्धि अरूले जस्तै आफूले आफूलाई नष्ट गर्छ ।

घटना–

उपरोक्त गाथा भगवान बुद्धले जेतवन विहारमा बस्नु हुँदा अपुत्तक श्रेष्ठी नामको निसन्तान महाजनको कारणमा भन्नु भएको थियो ।

एकदिन कोशल देशका महाराजा प्रसेनजीत विहारमा अबेर दिउँसो आईपुगे । महाराजाले भगवान बुद्धलाई बताए कि श्रावस्तीमा एउटा धनी महाजन मरेछ । उनी निसन्तान भएकोले उनको सबै श्री सम्पत्ति राज्यकोषमा राख्नु पर्ने भयो । त्यो सम्पत्ति राज्यकोषमा ओसार्न दिई राखेकोले ढिलो भयो । महाराजले मर्ने महाजनको बारेमा यो पनि भनेकि– त्यो महाजन यति धनि भएर पनि कुनै राम्रोसँग भोग गरेन । सँधै रूखा सुखा कमसल खान्थ्यो, कमसल सस्तो लुगामात्र लाउँथ्यो ।"

मृतक महाजन सेठीको कुरालाई लिएर त्यहाँ उपस्थित महाराजा र जन समूहलाई सुनाउन भगवान बुद्धले त्यसको पूर्व कथा सुनाउनु भयो– "महाराज पूर्वकालमा उसले तगरसिखी नामको प्रत्येक बुद्धलाई दान दिन लगाएको थियो, जसको पुण्यले उसलाई यो धन सम्पत्ति लाभ भयो, तर आफैले दान दिन लगाएर पछि आफ्नो पत्नीले मीठो राम्रो खानेकुरो दिएको देखेपछि बेकारमा दान देउ भनेछु भनेर पछुतायो । यसरी दान दिलाएर पनि पछि श्रद्धा बिगारी पछुताएकोले अहिले उसले आफ्नो प्रशस्त धन भएर पनि भोग्न नपाउने बानि भयो । त्यस जन्ममा उसले आफ्नो भाइको सम्पत्ति हडपी लिनको लागि भाईको एक्लो छोरालाई जंगलमा लगी मारेको थियो । त्यही पाप बिपाकले अहिले निसन्तान हुनु पर्‍यो । ❖

ठीक हुन्छ कि बेठीक ? यसले हामीलाई हित गर्छ कि अहित गर्छ ? फाइदा हुन्छ कि बेफाइदा हुन्छ ?"

भगवान बुद्धले सोध्नुभएको यस प्रश्नको उत्तर दिँदै कालामहरूले भने–

"भो भगवान ! लोभ, द्वेष, र मोह युक्त चित्त सबै अकुशल, खराब, अहित, बेठीक हुन् । त्यसैले यी दूषित चित्तले गरिने कार्यहरू पनि बेठीक, खराब, अहित हुने र बेफाइदा हुने नै हुन्छन् ।"

भगवान बुद्धले फेरि भन्नुभयो–

"हे कालामहरू ! जुन मानिसमा अलोभ, अद्वेष र अमोह चित्त उत्पन्न हुन्छ, त्यसबेला उसले सबैलाई भलो र हित हुने काम गर्दछ । उसबाट हिंसा, चोरी,भ्रष्टाचार, बलात्कार र बदला लिने जस्ता कुकर्महरू कदापि हुनेछैन । उसले अरूलाई पनि त्यस्ता नराम्रा कामहरू गर्ने मौका दिँदैन ।

त्यसैले हे कालामहरू ! तपाइँहरूले थाहा पाउनुभयो होला अलोभ, अद्वेष र अमोह चित्त कुसल हो । यस चित्तले गरिने कामहरू पनि समाजको लागि लाभदायक, असल र भलो नै हुने भयो ।

यसरी जव हामीले खराब असल दूधको दूध पानीको पानी गरी छुट्टाउन सक्नेछौं, तब यो धर्म ठीक वा बेठीक, हितहुने वा अहित हुने आदि विषयमा पनि आफैले छुट्टाउन सक्ने क्षमता प्राप्त गर्ने छौं । तब हामीमा सम्यक प्रज्ञाको उपस्थिती हुनेछ । फलस्वरूप हामीमा नचाहिने शंका, उपशंका, एवं अन्यौलको समस्या हुनेछैन । अर्को शब्दमा भन्ने हो भने हामीले सही एवं ठीक धर्मलाई स्वीकार गर्न सक्नेछौं । हाम्रो मनमा अनि मात्र धार्मिकपनाले ठाउँ लिनेछ । जुन मानिस धार्मिक बन्न सक्नेछ, त्यसको मनमा मैत्री (मित्रता), करूणा (दयामाया) मुदिता(अरूको सफलतामा प्रसन्नता) र अपेक्षा (तटस्थता) एवं ममताभाव उदय हुनेछ । यसलाई नै हामीले सहि धर्मको रूपमा स्वीकार गर्न सक्नेछौं ।"

*– (अंगुत्तर निकाय कालामसूत्रको आधारमा)*

**ध्यानकुटी मैत्री केन्द्र बाल आश्रमलाई सहयोग**

१) शिशिल चित्रकारबाट दिवंगतहरूको स्मृतिमा – रु. १०००/–

२) बाबुराजा तुलाधर, ग्लाश हाउस – रु. ५००/–

३) गुणकेशरी, ढल्को – रु. ५००/–



Downloaded from http://www.dhamma.digital

# विपश्यना शिविर र आत्मदर्शन

✍ सत्यनारायण गोयन्का
*अनुवादक- विश्व शाक्य*

कसैसँग कम संग्रह होला, उसले चाँडै सक्ला। यदि संग्रह धेरै छ भने धेरै समयसम्म परिश्रम गरेर भएपनि सक्नुपर्ने हुन्छ। सही तरिकाले जत्ति जत्ति आत्म-नियन्त्रण गरिनेछ त्यति-त्यति नै मुक्त हुँदै जानेछ। कुनै जाति, संप्रदाय वा कालो, गोरोले फरक नै के पार्ने हुन्छ र ? प्रकृतिको कानून सबैमाथि बराबर लागू हुने हुन्छ। नाम चाहे जेसुकै होस्– हिन्दू होस्, मुसलमान होस् जैन होस् बौद्ध होस् वा इसाई होस्– प्रबुद्ध भए भने असल मनुष्य बन्नेछन्। असल हिन्दू, असल मुसलमान, असल जैन, असल बौद्ध, असल इसाई र असल मान्छे बन्नेछन्। धर्मले मान्छे बनाउन सिकाउँछ। यो असल मान्छे बन्ने विद्या हो। असल मानिस बन्यौं भने आफू स्वयं पनि सुखपूर्वक रहनेछौं र अरूहरूको लागि पनि सुखको कारण बन्नेछौं। सही अर्थमा बोधि कसरी जागृत हुन्छ, प्रबुद्ध हो इन्छ ? सही अर्थमा प्रज्ञा कसरी जागृत हुन्छ ? कसरी प्रज्ञामा स्थित प्रज्ञमा रहन सकिन्छ– ती सबै आ-आफ्नो मेहनतमा निर्भर रहने हुन्छन्। हरेक मानिस आफ्नो मालिक आफू स्वयं हो। आफ्नो गति आफू स्वयंले निर्धारण गर्दछ।

**"अत्ता हि अत्तनो नाथो, अत्ता हि अत्तनो गति।"**

यस क्षण कुन संस्कार राख्ने भन्ने कुराको निर्णायक अधिकार आफू स्वयंमा हुन्छ। जो बित्यो, सो बित्यो। त्यसमाथि कुनै अधिकार छैन तर, यदि यस क्षण होशमा छ भने वर्तमानको मालिक बन्दछ। सारा साधना यसैको लागि हो कि भोगाइको क्षण होशयुक्त छ कि छैन। प्रतिक्षण बीजारोपण गर्ने क्षण हो। कस्तो बीउ लगाउँछौं ? यदि राग र द्वेषको बीउ लगाइरहेका छौं भने आफ्नो लागि दु:ख नै पैदा गर्दै गइरहेका छौं। कसरी यो दु:ख चक्रलाई पल्टाउने ? कसरी यो दु:ख-चक्र धर्म–चक्रमा बदल्ने, कसरी यो लोक-चक्र मुक्ति-चक्रमा बदल्ने ? यी सम्पूर्ण कुराहरू यद्यपि बौद्धिक स्तरमा बुझियोस् तर विना अभ्यास जीवनमा उतार्न सकिंदैन। दु:ख-चक्र बढाउने स्वभाव कसरी धर्म-चक्रमा परिवर्तित गर्न सकिन्छ विना अभ्यास यो सम्भव हुँदैन। केवल कामना गर्दैमा र चमत्कार गर्दैमा स्वभावमा परिवर्तन आउँदैन। यदि हामीलाई स्वभावमा परिवर्तन ल्याउनु छ भने अभ्यास गरेकै हुनुपर्दछ र अभ्यास यही गरिएको हुनुपर्दछ कि कसरी राग, द्वेष पैदा हुनुबाट रोकियोस्। साधना यसैको लागि हो। यसलाई बौद्धिक स्तरमा ठीक तरिकाले सम्झी व्यवहारमा उतार्नुपर्दछ। अभ्यासमा उतार्नुपर्दछ। धारणा गर्नुपर्दछ। धर्मलाई धारणा गरेर नै सुख प्राप्ति हुन्छ। विधि अनुसार ठीक-ठीक अभ्यास गरौं, सफलता अवश्य प्राप्त हुनेछ।

धरम हमारा ईश है, धरम हमारा नाथ।
हम तो निर्भय ही रहैं, धरम हमारे साथ॥
राग सदृश ना रोग है, द्वेष सदृश ना दोष।
मोह सदृश ना मूढता, धर्म सदृश ना होश॥
जितना गहरा राग है, उतना गहरा द्वेष।
जितना गहरा द्वेष है, उतना गहरा क्लेश॥
भोगत–भोगत भोगते, बन्धन बँधते जाँय।
देखत – देखत देखते, बन्धन खुलते जाँय॥
ज्यों-ज्यों अन्तर्जगमे, समता बढती जाये।
काया वाणी चित्त के, कर्म सुधरते जाये॥
राग छुटे समता बढे, मिले परम सन्तोष।
दूर होय बेचैनियाँ, मिले शान्ति-सुख-कोष॥

**नवौं दिन**

साधनाको नौ दिन पूरा भयो। नौ दिनसम्म जुन अभ्यास गर्‍यौं त्यसलाई राम्ररी सम्झौं। के के गर्‍यौं ? यस्तो किन गर्‍यौं ? दैनिक जीवनमा यसको के प्रयोजन छ ? के फाइदा छ ? साधना, जीवनको लागि उपयोगी छैन भने यो पनि कर्म-काण्डको रूपमा मात्र रहनेछ। एक धार्मिक अनुष्ठानको रूपमा रहन जानेछ। धर्मको लाभ यसै जीवनमा पाइनुपर्छ तबमात्र धर्म, धर्म रहनेछ अन्यथा धोका हुनेछ। त्यसैले त देख्नुभएको छ, सुन्नुभएको छ, धर्मको नाममा कति भ्रान्तिहरू चलिरहेछन् ?

यो साधना आत्मदर्शनको साधना हो, स्वदर्शनको साधना हो। आफूले आफैलाई हेर्ने साधना हो। आफूले आफैलाई कसरी हेर्ने ? भोगिरहेको क्षणमा आफ्नोबारे जुन उच्चाइ प्रकट हुन्छ, त्यसलाई हेर्नु छ। जतिपनि अप्रिय किन नहोस्, आखिर सत्यता भनेको सत्यता नै हो। यदि हामी सदैव अप्रियताबाट मुख बटार्दै बस्ने, र, पलायन हुँदै रहने हो भने सत्यताबाट विमुख रहनेछौं। यदि हामीमा कुनै दोष छ खोट छ भने त्यसलाई राम्ररी जान्नुपर्दछ, स्वीकार गर्नु पर्दछ। तब नै दोष निकाल्न सक्ने हुन्छौं। *क्रमश:*




Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास-१३

✍ के.श्री धम्मानन्द
अनुवादक- प्रकाश बज्राचार्य

कर्मको नियमलाई बुझ्नु भनेको नै हामी आफ्नो सुख र आफ्नो दु:खको लागि आफै जिम्मेवार छौं भन्ने बुझ्नु हो । हामी आफै आफ्नो कर्मको शिल्पकार हौं । बौद्धहरू यो विश्वास गर्छन् कि मान्छेले आफ्नो कर्मलाई ढाल्न (बदल्न) सम्भव छ र यसरी आफ्नो जीवनको दिशालाई प्रभावित पार्न सक्छ । मान्छे पूर्ण रूपले आफ्नो क्रियाहरूको बन्दी होइन; ऊ आफ्नो कर्मको दास होइन । न त मान्छे आफैलाई दास बनाउने स्वाभाविक शक्तिहरूलाई स्वचालित ढंगले निकाल्ने मात्र एक मेशिन नै हो । न त मान्छे मात्र प्रकृतीको उत्पादन नै हो । मान्छेमा आफू भित्र आफ्नो कर्मलाई नियन्त्रण गर्ने शक्ति र सामर्थ्य छ । ऊ आफ्नो कर्म भन्दा बलवान् छ र त्यसैले कर्मको नियमलाई मान्छेको सेवा गर्नमा लगाउन सकिन्छ । आफ्नो कर्म शक्तिको अगाडि आत्समर्पण गर्दै मान्छेले आफ्नो आशा, प्रयत्न र बुद्धिलाई त्याग गर्नु पर्दैन । आफूले पहिले गरेका खराब कर्महरूको प्रतिकृयालाई निभाउन मान्छेले प्रार्थना गर्नु, पूजा गर्नु र धार्मिक संस्कारहरू पुरा गर्नु भन्दा असल कामहरू गर्नु पर्दछ र आफ्नो मन शुद्ध पार्नु पर्दछ ।

आफ्नो आदर्शलाई बढाउन प्रदान गरिएका वस्तुहरूलाई मान्छेले प्रयोगमा ल्याउनु पर्दछ । जीवन-खेलको तासका पत्ताहरू हामीलाई दिइएको छ । हामीले तिनीहरूलाई चुन्दैनौं । पत्ताहरू हाम्रो पहिलेका कर्महरू अनुसार छन्: तर हामीलाई मन परे जस्तो तान्न सक्छौं, आफूलाई सुहाउँदो किसिमले खेल्न सक्छौं, र यसरी हामी खेल्दा खेरि हार्न पनि सकिन्छ र जित्न पनि ।

अंगुलिमाल र अशोकको चरित्रमा भएको आमूल परिवर्तनले आफ्ना कर्म-शक्तिमाथि मानिसले नियन्त्रण गर्न सक्ने सम्भाव्यता स्पष्ट गर्छ ।

अंगुलिमाल एक डाकु थियो जसले आफू सहरका हजारभन्दा बढी मान्छेहरू मारेको थियो । के हामीले उसको बाहिरी काममात्र हेरेर उसप्रति न्याय गर्न सक्छौं ? किनकि आफ्नो जीवन अवधि भित्रै ऊ एक अरहत् भयो र यसरी आफूले पहिले गरेका सबै कुकर्महरू मेटिदियो ।

भारतिय सम्राट अशोकले आफ्नो लँडाई जित्न र आफ्नो साम्राज्य बढाउन हजारौं हजार मानिसलाई मारे । तैपनि युद्ध जितिसकेपछि उसले आफूलाई यतिसम्म पूर्ण रूपले सुधार गऱ्यो र आफ्नो जीवनको बाटोलाई बदल्यो कि आज "इतिहासको पाना भर्ने महाराजाहरू सम्राटहरू र त्यस्तै अन्य हजारौं हजार राजाहरूको बिचमा अशोकको नाउँ एक्लै अलग्ग चम्किरहेको छ - एक तारा जस्तै ।"

मानिसले अन्तमा आफ्नो कर्म शक्तिलाई नियन्त्रण गर्न सक्छ भनेर बौद्धहरूले विश्वास गरेता पनि उनीहरूले हरेक कुरा कर्मले नै गरेर हुन्छ भन्ने कुरोमा विश्वास गर्दैनन् । प्रकृतिका अन्य शक्तिहरूले खेलेको भूमिकालाई उनीहरू बेवास्ता गर्दैनन् । बुद्ध धर्म अनुसार भौतिक र मानसिक संसारलाई संचालन गर्ने ५ वर्गहरू वा प्रक्रियाहरू वा मानसिक नियमहरू (नियामहरू) छन्: १) ऋतु परिवर्तन आदिसँग सम्बन्धित भौतिक नियमहरू (उतु नियाम), २) बीज र बिउहरूसँग सम्बन्धित जीव वैज्ञानिक नियमहरू (विज नियाम) ३) नैतिक हेतुवाद वा क्रिया र परिणामको विधिसँग सम्बन्धित कर्मको नियम (कम्म नियाम), ४) विद्युत शक्तिहरू, सम गतिहरू आदिसँग सम्बन्धित आध्यात्मिक विषय (धम्म नियाम र (५) चेतनाका प्रक्रियाहरूलाई छलाउने मनोवैज्ञानिक नियमहरू (चित्त नियाम) ।

यसरी कर्मलाई यस संसारमा व्याप्त विषमताकाल जिम्मेबार ५ प्राकृतिक नियमहरू मध्ये एक मानिएको छ ।

प्राय: गरेर कर्मलाई बाहिरी अवस्थाहरूले प्रभाव पार्ने गर्छन्: हितकारी र हानिकारक शक्तिहरूले यस स्वयं चालित नियमलाई विपरीत पार्ने वा मद्दत गर्ने काम गर्छन् । कर्मलाई सहायता वा रूकावट दिने यी शक्तिहरू हुन्: जन्म, समयकाल वा अवस्था, सौन्दर्य र प्रयत्न ।

कर्मको परिणामलाई अनुकूल जन्म (गति सम्पत्ति वा प्रतिकूल जन्म (विपत्ति) ले उन्नति गर्न वा रूकावट दिन सक्छ । भनौं कि एक व्यक्ति एउटा भद्र कुल वा सुखको अवस्थामा जन्मेको छ भने उसको सौभाग्यशाली जन्मले उसका सुकर्महरूलाई काम गर्न सजिलो मौका दिन्छ । कुनै सुकर्मको फलले कोही एक बुद्धु (मूर्ख) व्यक्ति राज परिवारमा जन्मेमा उसको राजकिय ठाटबाटले गर्दा ऊ मानिसहरूद्धारा आदर गरिन्छ । यदि उही व्यक्ति कुनै कम सौभाग्यशाली कुलमा जन्मेमा उसलाई त्यस्तै प्रकारले व्यवहार गरिन्दैन ।



Downloaded from http://www.dhamma.digital

सौन्दर्य (उपादी सम्पत्ति) र कुरूपता (उपादी विपत्ति) दुई अन्य कुराहरू हुन् जसले कर्मको कामलाई अडचन वा मद्दत पुऱ्याउँछन् । यदि एक व्यक्तिले कुनै सुकर्मको फलस्वरूप एक भाग्यशाली जन्मलाई प्राप्त गरेको छ तर कुनै कुकर्मको फलस्वरूप अंग भंग भएर जन्मेको छ भने तब उसले आफ्ना सुकर्महरूका राम्रा परिणामहरूको पूर्ण रूपले भोग गर्न सक्ने छैन । सिंहासनको उचित हकदार लाई पनि यदि ऊ केही गरी शारिरिक वा मानसिक तवरले अपांग छ भने त्यस उच्च पदमा नराख्न सकिन्छ । अर्को तिर सौन्दर्य चाहीं यसको स्वामीको लागि एक सम्पत्ति हुनेछ । गरीब आमा-बाबुको हेर्दैमा राम्रो छोरोले अरूहरूको ध्यान आकर्षित गर्न सक्छ र उनीहरूको प्रभावले आफूले यथोचित्त स्थान पाउन सक्छ । साथै हामीले गरीब र अस्पष्ट घरानाका मानिसहरू पनि भेट्न सक्छौ जसले कि सिनेमा अभिनेताहरू वा अभिनेत्रीहरू वा सौन्दर्य रानीहरू बनेर प्रशिद्धी र लोक प्रियता हासिल गरेका छन् ।

समय र अवस्था अन्य कुराहरू हुन् जसले कर्मको कामलाई प्रभाव पार्छन् । अनिकालको बेला वा युद्धको समयमा कोही पनि नछुट्ने गरी सबैले उही दशा भोग्न बाध्य हुन्छन् । यहाँ नसुहाउँदा अवस्थाहरूले दुष्ट कर्महरूलाई काम गर्ने मौका प्रदान गरे । अर्कोतिर सुहाउँदा अवस्थाहरूले कुकर्मको कामहरूलाई रोकिदिन्छ ।

कर्मको कामलाई प्रभाव पार्ने सबै कुराहरूमा प्रयत्न सायद सबभन्दा महत्वपूर्ण छ । प्रयत्नको बिना साँसारिक र आध्यात्मिक दुवै उन्नतिहरू असम्भव छन् । यदि कुनै व्यक्तिले रोगबाट आफू निको हुन वा कठिनाईहरूबाट आफूलाई बचाउन कोशिश गरेन भने वा आफ्नो उन्नतिको लागि मेहनती भएर उद्योग गरेन भने, तब उसको कुकर्मलाई उपयुक्त असरहरू देखाउन एक राम्रो मौका मिल्ने छ । तै पनि यदि उसले आफ्ना कठिनाईहरूलाई जित्ने प्रयास गरेमा उसका सुकर्महरूले उसलाई मद्दत गर्न आउने छन् । एक गहिरो समुद्रमा जहाज डुबेको बेलामा बोधिसत्व महा जनकले आफूलाई बचाउने प्रयत्न गरे जबकि अरूहरूले देउताहरूको पुकार गरे र आफ्ना भाग्यलाई यी देउताहरूको हातमा सुम्पिदिए । परिणाम यो निस्क्यो कि बोधिसत्व बच्यो तर अरूहरू डुबे ।

यसरी अन्य शक्तिहरू-जन्म, सौन्दर्य र कुरूपता, समयकाल र व्यक्तिगत प्रयत्नद्वारा कर्मको काममा मद्दत वा बाधा पैदा हुन्छ ।

**के प्रथम कारण (हेतु) थाहा पाउन सकिन्छ ?**

हामीलाई यो बुझ्न गाऱ्हो छ कि कसरी प्रथम कारण बिना नै संसार अस्तित्वमा आयो । तर यो कुरो बुझ्न झन गाऱ्हो छ कि यसरी शुरूमा प्रथम कारण अस्तित्वमा आयो ।

बुद्धको विचार अनुसार जीवनको प्रथम कारण अकल्पनिय छ । किनकि व्यावहारिक अनुभव अनुसार कारण नै प्रभाव बन्छ र प्रभाव नै कारण बन्न जान्छ । कारण र प्रभावको चक्रमा प्रथम कारणलाई बुझ्न सकिदैन । जीवनको सर्वप्रथम उत्पत्तिलाई लिएर बुद्ध घोषणा गर्नु हुन्छ "भव संसार (जन्म र मृत्यु) मा फेरि-फेरि घुम्नुको शुरुवात भेट्टाउन सकिने अन्तिम छोर छैन । जीवहरूलाई अविद्याले रोक्छ र तृष्णाले अडकाउँछ । यी जीवहरूको प्रथम शुरूवातलाई भेट्टाउन सकिदैन ।" यो जीवन धारा अनन्तसम्म बग्नेछ जबसम्म कि यसलाई अविद्या र तृष्णाको फोहर पानी पिलाइन्छ । जब यी दुबैलाई ठ्याम्मै रोकिन्छ तब मात्रै जीवन धारा रोक्छ; तबमात्रै पुनर्जन्मको अन्त हुन्छ ।

अन्तरिक्षको अन्तको कल्पना गर्नु कठिन छ । जुन हामीले समय भन्छौं त्यसको निश्चित अवधिको कल्पना गर्नु कठिन छ । तर त्यो समयको कल्पना गर्नु झन कठिन छ जबकि समय नै हुँदैन । त्यस्तै यो कुरो बुझ्न हामीलाई कठिन छ कि यसरी प्रथम कारण विना नै संसारको उत्पन्न भयो र यो बुझ्न झन कठिन छ कि कसरी सबभन्दा पहिले (केही पनि नभएको बेलामा) प्रथम कारणको उत्पन्न भयो । किनकि यदि उत्पन्न नभइकनै प्रथम कारण बन्न सक्छ भने अन्तरिक्षका अन्य विषयहरू बिना उत्पन्न भइकनै बन्न सकिदैन भन्ने कुनै कारणै छैन ।

बिना प्रथम कारण कसरी सबै जीवहरू अस्तित्वमा आए भन्ने प्रश्नको उत्तरमा बौद्ध उत्तर यो छ कि यसको केही उत्तर छैन किनकि यो प्रश्न नै मानिसको सीमित ज्ञानको परिणाम मात्र हो । यदि हामीले समय र सापेक्षबादको प्रकृतिलाई बुझ्न सक्यौं भने हामीले यो देख्नेछौं कि शुरूवात भनेको नहुन सक्छ । यतिमात्रै भन्न सकिन्छ कि यो प्रश्नका सबै साधारण उत्तरहरू मौलिक तबरले दोषपूर्ण छन् ।

क्रमश:



Downloaded from http://www.dhamma.digital

# ११५ औं लुम्बिनी दिवस मनाऔं !

✍ **कृष्णकुमार प्रजापति,** नगदेश

शान्तिका महानायक गौतम बुद्ध "**बोधिसत्त्व सिद्धार्थ गौतम**" को रूपमा आज भन्दा २६३५ वर्ष अघि पवित्र पावन शालो कानन (उद्यान) मा जन्मनु भएको ऐतिहासिक भू-प्रमाण रहेको छ, त्यो हो पवित्र लुम्बिनी । ई.पू. ६२३ को बैशाख पूर्णिमा, शुक्रवारको दिनमा जन्मनु भएका बोधिसत्व सिद्धार्थ कुमारको जन्म थलो लुम्बिनी ईतिहासको गर्भबाट करिब डेढ हजार वर्ष जति विलुप्त हुन पुगेको दुःख लाग्दो, खेदजनक इतिहास छ, थियो । बोधिसत्व सिद्धार्थ गौतमको जन्म थलो कहाँ कता भन्ने बारे प्रसिद्ध" चिनिया यात्रीहरू ह्वेनसाङ्ग, फाहियान जस्ता बौद्ध भिक्षुहरूले आ-आफ्नो यात्रा विवरण (Travellogues) नलेखेको र सुरक्षित नभएको भए, सायद आजसम्म पनि फेला पर्ला नपार्ला इतिहासको सशंकित घेराभित्र रहन पुग्छ । ती बौद्ध यात्रीहरूको यात्रा विवरणहरू अंग्रेजी र अन्य विभिन्न भाषामा अनुवाद भै सुरक्षित हुन पुगेकोले नै ऐतिहासिक युगपुरुष, महापुरुष, विश्ववन्द्य पुरूषको भू-प्रमाण ढिलै भएपनि पुनर्खोजी भै नेपालको गौरव र प्रतिष्ठा अढाइ हजार वर्ष पछि भए पनि अभिबृद्धि हुन पुगेको महशुस गरिन्छ ।

राणाकालमा राणा परिवारकै एक सदस्य विद्वान, जो पश्चिम नेपालको बडाहाकिमको रूपमा पाल्पामा खटी कार्य सम्पादन गरी रहनु भएको बेलामा एक पटक जंगलमा शिकार गर्न हिँड्दा हिंड्दै आजको पवित्र स्थल "लुम्बिनी" मा पुग्नु हुँदा अशोक स्तम्भको केही छेस्को देखेपछि आफूले विदेशमा अध्ययन गर्दा थाहा पाएको "लुम्बिनी" यही स्थानमा हुनु पर्दछ भनी खोजी गर्दा पुनः फेला परेपछि आफ्नो कल्याण मित्र जर्मनी विद्वान Dr. Antony A. Fuhrer जो भारतमा पुरातत्वविद्को रूपमा कार्यरत भै रहनु भएको थियो, आमन्त्रण गरी दुवैजनाको सहकार्यबाट "पवित्र पावन लुम्बिनी" को पुनः पत्ता लगाई पहिचान गरी विश्व समुदायलाई परिचय गरी घोषणा गर्नु भएको ऐतिहासिक संस्मरणको दिन थियो इ.सं १८९६ डिसेम्बर-१ को दिन । उक्त पवित्र पावन लुम्बिनी पुनर्खोजी गर्ने नेपाली कुलपुत्र विद्वान "श्री खड्ग शम्सेर ज.ब.रा" हुनुहुन्थ्यो । सबै राणाहरू खराव हुँदैन भन्ने कुरा वहाँले आफूलाई प्रमाणित गराई दिनु भयो । साधुवाद वहाँलाई !

माथी पनि उल्लेख गरी सकें, सबै राणाहरू खराव छैन, हुँदैन । जस्तै डायमण्ड शम्सेर जवराले नेपाली साहित्यिक जगतमा राजनैतिक दर्पण, सेतो बाघ, प्रतिवद्धता आदि जस्ता थुप्रै पुस्तक रचि योगदान गर्नु भयो भने बाल कृष्ण समले पनि नेपाली साहित्यमा थुप्रै महत्वपूर्ण रचनाहरू रचेर जनताको मन जितेर अमर मृत्युको वरण गर्नु भएको छ । त्यस्तै ज्ञात अज्ञात, दयालु, करूणाशील राणाहरू पनि हुनुहुन्थ्यो भने बुद्ध शासनिक जगतमा ईर्ष्या गरी दुःख दिने शासकहरू पनि कम थिएनन् त्यसवेला । राणा सरकारका सूत्रधार श्री ३ महाराज जंग बहादुर राणाले नेपालका भिक्षु भिक्षुणीहरूलाई दुःख दिई बौद्ध वाङ्मयका पालि त्रिपिटकलाई फुटवल हानी सडकमा फ्याँकी दिएका थिए भने श्री ३ जुद्ध शम्सेर जवराले नेपाली भिक्षुहरूलाई देश निकाला गरेको कलंकित कालो इतिहास पनि साक्षी सबुद रहेको छ ।

त्यस्ता शासक परिवारभित्र पनि हिलोयुक्त पोखरीबाट कमलको फूल उत्पति भए झैं बुद्ध शासनिक जगतमा अति नै संवेजनीय स्थल, जुन स्थलको बारेमा भगवान शास्ता स्वयंले "महापरिनिर्वाण सूत्रमा लुम्बिनी, बुद्धगया, सारनाथ र कुशीनगर जस्ता चार धाम अति नै संवेजनीय (संवेदनीय) स्थलको रूपमा उपासक उपासिकाहरूले खोजी खोजी दर्शन गरी संवेदना प्रकट गर्नु हुनेछ भन्ने पवित्र पावन स्थल पुनर्खोजी गरी पत्ता लगाउने सऱ्हाहनीय कार्य परिनिवृत खड्ग शम्सेर जवराले गरी अमरसिद्धि हासिल गर्नु भयो । आज पुनर्खोजी पश्चात्को ११५ वर्षमा "लुम्बिनी" समय, परिस्थिति अनुरूप काँचुली फेरी समय सुहाँउदो प्रारूप तयार भै रहेको छ । यसको यशकीर्ति श्री खड्ग शम्सेर जवरामा जानुपर्दछ, दिनु पर्दछ । वहाँको कृतज्ञ गुणको संस्मरण गरी वहाँको सद्गति र निर्वाण समेत कामना गरिन्छ । वहाँले पुनर्खोजी गरी पत्ता लगाई सकेको ऐतिहासिक धार्मिक संवेजनीय स्थललाई स्थानीय जनजातीका बासिन्दाहरूले "बनदेवी" को रूपमा स्वीकारी बली चढाई पुजा गर्न थाल्यो । महामाया देवीलाई



Downloaded from http://www.dhamma.digital

वनदेवीको रूपमा पूजा आजा गरी आ-आफ्नो पूजा विधि संस्कार अनुरूप परेवा, कुखुरा, सुंगुर, राँगो काटी बलि पूजा गरी अकुशल कर्म गरी आएकोमा करिव ६ दशकपछि मात्र रोक गरी हिंसा बलि कार्य रोकी अहिंसाको देवीको रूपमा महामायादेवीलाई स्विकार्न तत्कालीन श्री ५ को सरकारले घोषणा गरिएको पनि बौद्ध जगतले स्विकार्नु पर्दछ र गुणानुस्मरण समेत गर्नु पर्दछ ।

संयुक्त राष्ट्रसंघका तेस्रो महासचिव श्रद्धेय विद्वान व्यक्तित्व ऊ थान्तको आगमन गत ई.सं. १९६७ अप्रिल-१४, जस्ता महान दिनमा पवित्र पावन "लुम्बिनी" मा पदार्पण गर्नु भै दर्शन अवलोकन गरी प्रतिबद्धता गर्नु भएको थियो । श्रद्धेय महासचिव ऊ थान्तज्यूले कि "यस्तो दयनीय अवस्था भएको यस संवेजनीय स्थल "लुम्बिनी" को उन्नति र विकास गर्न सकेमा संयुक्त राष्ट्र संघको महासचिव हुनु भन्दा पनि महान सम्झनेछु" जस्ता अभिव्यक्ति दिई आँशु चुहाई प्रतिबद्धता गर्नु भएको थियो । तसर्थ वहाँले लुम्बिनी दर्शन र अवलोकन गरी फर्के पछि संयुक्त राष्ट्र संघमा लुम्बिनी विकासको लागी प्रस्ताव गर्दा १३ वटा सदस्य राष्ट्रहरूले स्विकार गरी "अन्तर्राष्ट्रिय लुम्बिनी विकास समिति" को गठन गरियो । तत्पश्चात् अर्को वर्षको बैठकमा दुईवटा थप सदस्य राष्ट्र संलग्न भै हालसम्म पनि १५ सदस्यीय अन्तर्राष्ट्रिय समिति कायम नै छ र थियो पनि । सोही कमिटीको निर्णय र निर्देशन अनुसार विश्व प्रसिद्ध आर्किटेक्चर ईञ्चिनियर प्रो. केन्जो टाङ्गेज्यूलाई आधिकारीक तवरले नियुक्त गरियो भने वहाँले डिजाईन गरी प्रस्तुत गरेको योजना अनुसार "लुम्बिनी एकीकृत बिकास परियोजना" सन् १९७८ देखि लागु भै कछुवा तालमा भएपनि विकासको गतिले अग्रसारिता ग्रहण गरी आजको स्थितिसम्म आईपुगेको छ । जसरी अन्तर्राष्ट्रिय स्तरमा संयुक्त राष्ट्र संघमा विशिष्ट कमिटीको रूपमा "अन्तर्राष्ट्रिय लुम्बिनी विकास कमिटी" रहेको छ भने नेपालमा तत्कालीन श्री ५ को सरकारले सरकारी स्तरमा राष्ट्रिय स्तरमा "एकिकृत लुम्बिनी विकास कोष" को संस्थापन त्यसैताका गठन गरी कार्यान्वयन क्षेत्रमा लागी परेका छन्, तर गति भने कछुवा तालमा नै रहन पुग्यो । गत सन् २००० भन्दा अगावै नै सम्पन्न हुनु पर्ने एकीकृत लुम्बिनी विकास परियोजना हालसम्म पनि लक्ष्यमा पुगी सम्पन्न हुन सकेको छैन । विश्व प्रसिद्ध आर्किटेक्चर ईञ्जिनियर परिनिवृत प्रो. केन्जो टाङ्गेज्यूको योजना बमोजिमको ५० % कार्य पनि सम्पन्न भएको छैन भू.पू. लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. केशवमान शाक्यज्यूका अनुसार ३५% कार्ययोजना सम्पन्न हुन पुगे को छ । यसरी निर्धारित समयभित्र मात्र होइन, समयको परिधि नाघेको झण्डै डेढ दशक हुन पुग्दा पनि ३५% मात्र कार्य योजना सम्पन्न हुनु भनेको सुन्दर शान्त मुलुकको दुर्भाग्यपूर्ण कार्ययोजना भन्नु पर्दछ । यी यस्ता यावत् ढिलासुस्ती हुनु भनेको योग्य व्यक्तिको योग्य स्थानमा नियुक्त नहुनु, हरेक कार्यमा राजनीति हुनु, लुम्बिनी विकास कोष संस्था स्वायत संस्था भएतापनि यस कोषमा नियुक्त हुने पदाधिकारी राजनैतिक नियुक्ती हुनुले पनि ढिलासुस्ती भै विकासको गतिमा कछुवा ताल हुन पुग्नु हो ।

खड्ग शम्सेर जवरा र डा. एन्टोनी ए. फुहररले आज भन्दा ११५ अघि लुम्बिनी पुनर्खोजी गरी पत्ता लगाउनु भएको निस्सा सबुद भनेकै "अशोक स्तम्भ र महामायादेविको बोधिसत्व सिद्धार्थ गौतमको जन्म प्रतिकरूपी स्मारक मूर्ति हो । जुन अद्यापि लुम्बिनीमा मौजुद रहेको छ ।

मगध जनपदका नरेश, जसलाई त्यसवेला त्यहाँका बासिन्दाहरूले वहाँको स्वभाव गुण अनुसार "चण्डाला शोक" भनी सबैलाई त्राहीमाम गरी आउनु भएका चण्ड नरेश हुनुहुन्थ्यो । त्यस्ता दुस्वभाव गुण भएका सम्राटमा सात वर्षीय श्रामणेर न्यग्रोधको सुस्वभाव एवं धम्मदेशनावाट प्रभावित भै बुद्ध धर्मलाई मनमन्दिरमा स्थापित गरी राजगुरूको रूपमा श्रद्धेय भिक्षु उपगुप्त जस्ता विद्वत व्यक्तिलाई स्विकारी वहाँकै निर्देशनमा राज्यभिषेक पछिको २० औं वर्षमा प्रथम धम्मयात्राको रूपमा अति नै संवेजनीय पवित्र पावन लुम्बिनीमा पुगी आफ्नो धर्मगुरू श्रद्धेय भिक्षु उपगुप्त महास्थविरसित जिज्ञासा राख्दा उपगुप्त भन्तेज्यूले औंलाले देखाइ संकेट गरेको स्थानमा धर्मसम्राट अशोकले चिनो स्वरूप करिव २२ फिट अग्लो शिला स्तम्भ खडा गरी दिनु भयो र सो स्तम्भमा ब्राम्ही लिपिमा मागधी भाषा (पालि भाषा) मा यसरी उल्लेख गरिएको छ ।

**"देवान पियेन पियदसिन लाजिन बीसति-वसाभिसितेन अतन आगाच महीयिते हिद बुधे जाते सक्यमुनीति**



Downloaded from http://www.dhamma.digital

**सिला विगडभीचा कालपित सिलाथभे च उसपापिते हिद भगवं जातेति लुंमिनि-गामे उबलिके कटे अठ-भागिये च।**" भनी लिपिबद्ध गरेको अद्यापि दर्शन गर्न सकिन्छ।

त्यसरी बुद्ध धर्मको बीज चण्डालाशोकको मनमन्दिर मा आरोपित भए देखि वहाँको मनमा बुद्ध, धर्म र संघ प्रति श्रद्धा, विश्वास र आस्था पैदा भै हृदय परिवर्तन भै हिंसाबाट अहिंसामा रूपान्तरण भए देखि त्यस देशका बासिन्दाहरूले विगतको कुरो र घटनालाई बिर्सी वहाँ मगध नरेशलाई "महान धर्म सम्राट" भनी सम्बोधन गर्न थाले।

माथि उल्लेख गरेका अशोक स्तम्भमा लेखेको ब्राह्मीलिपिको भावार्थ "**हिद् भगवं जातेति**" "यहाँ भगवान जन्मनु भएको हो जुन स्थानलाई लुम्बिनी भनिन्छ" भनी उल्लेख भएबाट बोधिसत्व सिद्धार्थ गौतमको जन्म थलो पुन: पत्ता लगाई पहिचान भएकोले नेपालको गौरव र प्रतिष्ठा अभिवृद्धि हुन पुगेको छ।

तत्तपश्चात् महान धर्मसम्राट अशोकले बोधिज्ञान प्राप्त गर्नु भएको स्थान बुद्धगया (वोधगया), धर्मोपदेश गर्नु भएको स्थान सारनाथ, महापरिनिर्वाण प्राप्त भएको स्थान कुशीनगरको समेत धम्मयात्रा गर्नु भएको साक्षी सवुद (प्रमाण) ठाउँ ठाँउमा अशोक स्तम्भ (शिला स्तम्भ उभ्याई खडा गर्नु गराउनु भएकोले पनि लुम्बिनीको ऐतिहासिक महत्त्व रहन गएको छ।

आजभन्दा दुई हजार दुई सय साठी वर्ष (ई.पू. २४+ई.सं २०११) अघिको ऐतिहासिक शीलास्तम्भ करिव डेढ् हजार वर्षसम्म इतिहासको गर्भमा लुकेको या विलुप्त हुन पुगेको ऐतिहासिक संवेजनीय स्थल लुम्बिनीको पुनर्खोजी भएको पनि ११५ वर्ष भै सक्यो। अत: गत ई.सं १८९६ डिसेम्बर १ देखि ई.सं २०११ डिसेम्बर १ सम्ममा लुम्बिनीको आसपासमा रहेको तेलार नदी र बाणगंगामा धेरै पानी बगी सक्यो। नेपालको वर्तमान बुद्धशासनको पुनर्जागरण कालमा, अझ विशेषतया थेरवादी बुद्ध शासनको करिव साढे आठ दशकको इतिहासमा थुप्रै उत्तार चढाव आएको वारेका त्यतिको चर्चा गरी रहनु पर्ने विषय रहेन।

लुम्बिनी पुनर्खोजीको ११५ औं वर्षगाठको संघारमा मित्रराष्ट्र बौद्ध मुलुक थाईल्याण्डको एक सशक्त निकाय Dhammakaya महाविहार र अखिल नेपाल भिक्षु महासंघको संयुक्त आयोजनामा नेपालको बुद्ध शासनका प्रथम संघनायाक, अग्ग महापण्डित, परिनिवृत श्रद्धेय भिक्षु प्रज्ञानन्द महास्थविरको ११२ औं जन्म जयन्तिको अवसरमा, वहाँको गुणानुस्मरणमा ११११२ जना नेपाली कुलपुत्र प्रव्रज्या समारोह गत २०६८ कार्तिक २४ देखि मंसिर १२ सम्म अर्थात ई.सं २०११ नोभेम्बर १०-२८ सम्मको कूल १९ दिनको कार्यक्रम थालनी गरी "लुम्बिनी" को अझै सुनमा सुगन्ध थपे झै थप गौरव र प्रतिष्ठा उच्च रहन गरेको छ। अत: Dhammakaya महाविहारका श्रद्धेय गुरू फ्रा धम्मकित्ति वाङ्गज्यूको दया, करूणा, मैत्री र अनुकम्पा एवं Dhammakaya महाविहारका अन्य श्रद्धेय भन्तेज्यूहरूको गुण, योगदान र मैत्रीपूर्ण भावनाको सदा संस्मरण गर्नु पर्दछ, कृतज्ञ गुणलाई सदा हृदयंगम गर्नु पर्दछ। अत: त्यस्ता महान गुरू फ्रा धम्मकित्ति वाङ्गज्यूको आयु आरोग्य र सुस्वास्थ्यको कामना गर्दछौं।

# हलिंया अजू न्हि

✍ **बुद्ध शाक्य**

हलिंया छन्हु व अजूगु न्हि !
सिद्धार्थ जन्म जूगु व पुन्हि !
लोकय् अलौकिक्गु व न्हि !
सर्गं स्वां वा गाःगु व पुन्हि ॥

मतिइनं पिनेया मति यागु,
दुःख ब्यंगु ज्ञानया व पुन्हि !
जरा ब्याधि व मभिं यागु,
लँपुया मुक्त जः लूगु पुन्हि ॥

धयाच्वन, काःवा ज्ञान ईनाः
दुःख ज्यंकेगु मूल ज्ञान मुनाः
श्रमनं लुइका न्ह्यच्बया वंगु,
अनन्त शान्तिया स्वांयापुन्हि ॥

अनित्यया दुनेनं नित्यगु,
झीयात स्थीरय् तया तैगु
दुःख वेदनाय् गुल्लें मलाइगु,
सत्त्व साधनाया पूर्ण व पुन्हि ॥



Downloaded from http://www.dhamma.digital

# मुट्ठी बाँधी आयौं मुट्ठी खोलेर जानुछ

✍ **नरेन्द्रनाथ भट्टराई**

मरेर जाँदा कोही कसैले केही पनि साथमा लैजान पाउँदैन र सक्दैन । यो ध्रुवसत्य कुरा छ । मुट्ठी बाँधेर मानिस जन्मन्छ तर जाने बेला हर मानिस मुट्ठी खोलेर खाली हात जान्छ ।

विजय पताका फहराउँदै विश्वविजेता महान् सम्राट सिकन्दर अघि बढ्दै थिए । अचानक उनी कालाज्वरले अस्वस्थ भए । राजवैद्य, राजचिकित्सकहरूले अनेक उपचार गरे पनि रोग कम भएन । झन् झन् बढ्न थाल्यो ।

सिकन्दरले विश्वविजय गर्न निक्लनु अघि उनकी आमाले "नजाऊ बाबु, म बूढी भइसकें, मैले तिम्रो मुख हेर्न पाउँदिनकि भन्ने डर लाग्छ" भनी भन्दा सिकन्दरले, "म चाँडै नै आउँछु, हजुरले चिन्ता लिनु पर्दैन, अन्तिम समयमा म हजुरकै साथमा हुन्छु, हुन्छु कसैको सामर्थ्य छैन मेरो इच्छालाई टार्न" भनी निक्लिएका थिए ।

माताको कुरा सम्झेर सिकन्दरले आफ्ना सेनापतिहरूलाई चारैतिर पठाई एक से एक ठूला ठूला बैद्य र कविराजहरूलाई बोलाएर "जे गरेर भए पनि मलाई निको पार, यसको लागि जति खर्च गर्नुपरे पनि गर, राज्य फिर्ता दिनु परे पनि देओ" भनी राजाले भन्दा कुनै पनि उपायले, औषधिले यो रोग निको हुन सक्दैन भनि चिकित्सकले भने । "उसो भए मलाई घर पुऱ्याइदेओ, कुनै पनि उपायले म घर पुगेर आमासंग भेट्नैपर्छ । मैले आमासंग प्रतिज्ञा गरेर आएको छु" भनी सिकन्दरले भने । चाँडो भन्दा चाँडो पुग्ने वाहनबाट जाँदा पनि घर पुग्न ३/४ दिन लाग्ने तर अब प्राण जाने समय केबल ३/४ घण्टा मात्र बाँकी भएको कुरा चिकित्सकहरूबाट सुन्दा सिकन्दर एकैछिन गहिरो सोचाइमा परे ।

"आमाले भनेको कुरा मैले मानिँन के के न म गर्न सक्छु भन्ने थियो । म कत्रो सम्राट । मैले जे पनि गर्न सक्छु भन्ने धारणा थियो । कति मानिस मारें । कतिलाई घरवार विहीन पारें ।

**(१) ज्ञान भनेको थाहा हुनु हो, भएको नभएको दुवै कुरा थाहा हुनु नै ज्ञान हो । शुषुप्ती अवस्थामा केही हुँदैन तर त्यो केही नभएको अवस्था पनि थाहा हुन्छ, जगत पनि थाहा हुन्छ, जाग्रत जगत पनि थाहा हुन्छ, केवल थाहा ।**
**(२) भक्ति मार्गमा आँखा चिम्लिएर हिंडे पनि चिप्लने र लड्ने डर हुँदैन ।**

*साभार- परमात्माको दर्शन*
*(चिन्तन द्वारा)*

यत्रो विशाल राज्य जितें । पृथ्वीको सम्पत्ति बटुलें तर अहिले यी सब निरर्थक भए । केही काममा आएनन् यी त सबै व्यर्थका कुरा पो रहेछन् । मेरो यो जीवन नै व्यर्थ जाने भयो । गयो ।" यसपछि सिकन्दरले सेनापतिहरूलाई नजिक बोलाएर भने "मरेपछि मेरो लाशलाई चिहानसम्म लैजाँदा कफन (मुर्दा राख्ने वाकस) बाट मेरा दुई हात बाहिर निकालेर लै जानु ताकि दुनियाँदारले, अरू बुझक्कड, बुज्रुक र सबै म जस्ता अहंकारीले पनि देखून, बुझून र सम्झून्कि यत्रा महान् विश्वविजेता राजा समेत अन्त्यमा खाली हात जानुपर्ने रहेछ ।"

यस घटनालाई कथाको रूपका मात्र नपढी सबैले हृदयङ्गम गर्नुपर्दछ । अहंकारको घोडामा चढेर धन, पद, प्रतिष्ठा, विजय गर्ने दौडमा परेका आजका मानिसले आफ्नो अवस्थाप्रति सचेत भएमा आफ्नो मात्र होइन पृथ्वीको नै कल्याण हुनेछ । वास्तविक मनुष्य जीवनको सार्थकता पनि हुनेछ । ❖

## सूचना ! सूचना !! सूचना !!!

धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक भेला व साधारण सभा धर्मकीर्ति बसुन्धरा विहार, वसुन्धरा डोलय् २०६८ चैत्र ४ गते, शनिवार कुन्हु जुइगु जुल । सकल सदस्यपिन्त इलय् स्वापू तयेत इनाप याना । नापं सदस्यता नवीकरण यायेत नं इनापयाना !

**सचिव**
**धर्मकीर्ति बौद्ध अध्ययनगोष्ठी**



Downloaded from http://www.dhamma.digital

# जिर्णोद्धार पश्चात् निर्वाणमूर्ति विहार, किम्डोल

✍ **अमृतमान ताम्राकार**, उपासक
निर्वाणमूर्ति विहार, किम्डोल



*भित्र निर्वाणमूर्ति भएको मन्दिर - २०६१*

बुद्ध शासनको रथ संतुलित एवं चीरस्थायी राख्न भिक्षु भिक्षुणीको भूमिका रथको अग्र पांग्रा र उपासक उपासिका पछाडीको चक्काको रुपमा सञ्चालित हुनु पर्दछ भन्ने तथागत बुद्ध वचनको साकाररुप निर्वाणमूर्ति विहार किम्डोलको वर्तमान अवस्थाले चित्रण गरिरहेको छ ।

नेपालमा बुद्ध शासनको पुनर्जागरण काल वि.सं. २००६ सालमा श्रद्धेय धर्मचारी गुरुमांको शतप्रयासले स्थापित यस विहार, वि.सं. २०३४ सालमा गुरुमांको शेषपछि क्रमशः रुग्ण हुँदै २०६० साल सम्म पुग्दा विहारको भौतिक संरचना पूर्ण रुपमा जीर्ण हुन पुगे भने गुरुमांकै दुष्ट आफन्तहरूबाट तथागतको महापरिनिर्वाणमूर्ति सहित सम्पूर्ण विहार परिसरको स्वामित्व परिवर्तन गरि बिक्रि हेतु वैना बट्टा समेत भैसकेको व्यहोरा नेपालका प्रायः सवै थेरवाद बौद्ध उपासक उपासिकाहरू साम छर्लङ्ग भैसकेको छ । साधुवाद ! उपासक पूर्णरत्न वज्राचार्य प्रमुख निजलाई साथ दिने साथी सहयोगी तथा संस्थाहरूलाई जसको संघर्षमय चित्कार र अथक प्रयासले लामो अदालति प्रकृया पश्चात् विहारको स्वामित्व पुनः स्थापित गर्न सफल भए । वि.सं. २०६० पछि विहारको भौतिक संरचना एवं व्यवस्थापन पक्षले चितुवाको गतिमा प्रगति हासिल गरि विहार परिसरमा दानवीर उपासक श्री द्रब्यमानसिं तुलाधर (भाइराजा साहु) बाट कुशिनगर शैलीको धम्म हलमा बुद्धगया शैलीको चैत्य स्थापना गरि निर्मित बुद्ध हल, अर्को दानवीर श्री राजेश श्रेष्ठज्यूबाट निर्मित आवसगृह तथा सयौं दाताहरूको दानमा निर्मित मूल भवनको समुद्घाटन समेत सम्पन्न गर्न सफल भए । महापरिनिर्वाणमूर्ति सहितको धम्म हल भित्र कलात्मक आशनमा स्थापित बर्मेलि शैलीको बुद्धको प्रतिमा, हलको दक्षिण पट्टीको भित्तामा स्थापित तण्हंकर बुद्ध देखी गौतम बुद्ध सम्मका २८ बुद्धको प्रतिमाले धर्म संवेग उत्पन्न हुने उक्त विहार नमूनायोग्य एवं व्यवस्थित थेरवादी विहारको रुपमा देख्न सक्ने भनि श्रद्धेय कोण्डन्य भन्तेद्वारा आनन्दभूमिको गताङ्कमा प्रकाशित अभिव्यक्तिले विहार परिवारलाई गौरवान्वित तुल्याइएको छ ।





*उपासिकाराम 'अतिथिगृह' २०६१*



Downloaded from http://www.dhamma.digital



*गुरुमांहरू बस्दै आउनुभएको पुरानो गृह*

आवद्ध कार्यतालिका, अनुशासन, अर्थव्यवस्था, समन्वय, सम्बर्द्धन, आदिको समयसापेक्ष रुपातन्तर गरि विहारको समग्र ब्यवस्थापनलाई सफलताको सिंढीमा चढाइयो ।

विहार स्थापना पछिका आधा शताब्दिको अन्तरालमा पार गरेका कण्टकारी मार्गको आरोह/अवरोह गत पौष २१ गते सम्पन्न विहारको समुद्‌घाटन समारोहमा प्रकाशित "निर्वाणमूर्ति विहार स्मारिका" मा विभिन्न उपासक उपासिकाको स्मृति लेखमा ब्यक्त गरिएको हुंदा पुनः दोहऱ्याउन आवश्यक छैन र यस लेखको विषयवस्तु पनि होइन। अतः यस संक्षिप्त लेखमा निर्वाणमूर्ति विहारको पृष्ठभूमि विगतका शिक्षाप्रद अनुभूतिलाई दृष्टिगत गरि पुनः यस विहार वा नेपालस्थित कुनै पनि विहारले जीर्ण अवस्था एवं कठिनाइको सामना गर्न नपरोस् भन्ने हेतु केहि मनन योग्य बुंदाहरू प्रस्तुत गरेको छु।

**(क) कुशल नेतृत्व/प्रभावकारी ब्यवस्थापन**

निर्वाणमूर्ति विहारले पुनरजीवन प्राप्त गर्नुको मुख्य कारकतत्व धर्मकीर्ति विहार प्रमुख श्रद्धेय भिक्षुणी धम्मवती गुरुमाको विहङ्गम दृष्टिले सहि पात्रको चयन गरि विद्या-वारिधी गरेका भिक्षुणी डा. धम्मविजय र डा. मोलिनी गुरुमांलाई जीर्ण विहार जिम्मा लगाई विहार प्रमुख नियुक्ति गर्नु रहेको छ। डा.द्वय् गुरुमांको आवासीय प्रवेश लगतै न्यूनतम आधारभूत संरचनामा सुधार गरि विहारको दैनिकि बौद्ध विनय अनुरुप तुल्याइयो। फलस्वरुप विहार को भित्रको अस्तब्यस्तता ब्यवस्थित हुन पुगे। कुशल ब्यवस्थापन, अंग्रेजीमा भन्नु पर्दा Scientific Management का विविध पक्षहरू जस्तै समय सारणी

**(ख) पूजापाठको अलग शैली**

कुनै मठ, मन्दिर, देवालय वा विहारमा गई इश्वरको दर्शन गर, वर माग अनि भेटी चढाइ जाउ भन्ने पूजापाठको परम्परागत शैलीबाट विहार आउने साना ठूला कुनैपनि वर्गका उपासक, जिज्ञाशु वा आगन्तुकहरूलाई अलगधारमा स्थापित गर्न सक्न सफलताको अर्को कारकतत्व हुन् । अर्थात यस विहारमा आउने उपासकहरूलाई विहारको कुनै न कुनै आवासिय गुरुमांले Guide को रुपमा attend गरि संक्षेपमा भएपनि बौद्ध दर्शनबारे देशना गरि पठाउने चलन रहेको छ। जुन कुशल ब्यवस्थापनको अर्को पक्ष मान्न सकिन्छ।

**(ग) दाताहरूको सहयोग**

जीर्ण अवस्थाको विहार संरक्षण एवं सम्बर्द्धनको एकमात्र श्रोत दानवीर दाताहरूसंग सम्पर्क र समन्वय प्रभावकारी रहनुले यस विहारको संरचना दर्शनीय रहन गएको छ। भवन आदिको निर्माण पछिका कलात्मक श्रृंगारपटार एवं जोरजाममा धेरै दाताहरूको सहयोग रहेको छ।

**(घ) आर्थिक सवलिकरण योजना**

गत ३ वर्ष अगाडि सम्म विहारको बत्ति, बिजुलि, टेलिफोन आदि न्यूनतम ब्यवस्थापन खर्च जुटाउन रकम अभावको स्थिति थियो। अझ किटान गरि भन्नु पर्दा यस पंक्तिकारले २०६४ आषाढमा विहारको कोष जिम्मा लिंदा खर्च गर्न मिल्ने नगद/बैंक बैलेन्स रु ६१,३३८।-मा सिमित थिए भने पछि उक्त कोष ऱ्हास भई रु १७,९२१।- मा पुग्न गएको तथ्य विहारको लेखा परिक्षण प्रतिवेदनमा स्पष्ट उल्लेख छ। अतः खर्च अभावको निकाश स्वरुप २०६६ साल देखी विहारले आजीवन/विशेष सदस्यता



Downloaded from http://www.dhamma.digital



*कुशीनगर शैलीको नव निर्मित धम्महललाई समुद्घाटन गर्नुहुँदै संघनायक भिक्षु अश्वघोष महास्थविर*

प्रदान गर्ने अभियान कै रुपमा सञ्चालन गरि सोबाट प्राप्त शुल्क कोष मुद्दतिमा जम्मा गरि प्राप्त ब्याजबाट खर्च जुटाइएको छ। साथै यस समस्याबाट मुक्ति पाउन विहार अध्यक्ष धम्मवती गुरुमांबाट पनि एक मुष्ट खर्च कोषको स्थापना गरि दिनु भयो। विहारको भौतिक संरचना तथा परिवार संख्यामा (हाल करिब १५ जना) भइरहेको बृद्धिलाई दृष्टिगत गरि संघमा प्राप्त हुने दान समेतको उचित ब्यवस्थापन गरी एक दिगो आर्थिक सवलिकरण योजना तर्जुमा गर्नु आवश्यक देखिन्छ।

**(ङ) समन्वय**

धर्मकीर्ति संरक्षण समिति, निर्वाणमूर्ति संरक्षण समिति, भिक्षु संघ आनन्दकुटी विहार, अन्य बौद्ध संघ संस्था र स्थानियबासी, छरछिमेकसंगको मैत्रीपूर्ण सम्बन्ध र समन्वयको कारण बिगतका समस्याग्रष्ट स्थल आज मैत्रीपूर्ण र धर्मप्रिति स्थलको रुपमा स्थापित हुन गएको छ। विहारले हासिल गरेको द्रुत प्रगतिमा उल्लेखित संघ संस्था एवं वासिन्दाहरूको सहयोग, चीरस्मरणीय छ।

**उपसंहार**

भगवान बुद्धको वचन अनुरुप विहारका गुरुमांहरू अग्र सारथी र उपासक उपासिकाहरू पृष्ठ सारथीको रुपमा रहि विहाररुपि धर्म रथ सञ्चालन हुन्जेल विहारको उत्तरोत्तर प्रगति निश्चित छ। अतः विट मार्नु अगाडी भन्नु पर्ने कुरा पुनःर्निर्माण पश्चात्को यस विहार अथवा अन्य कुनै पनि विहारको दिगो बिकासको लागि उपासक उपासिकाहरू मात्र दाता र धर्माभिलाषि हुन् र सञ्चालकहरू विहाराधिपति हुन् भन्ने भ्रम नपलाओस्। ❖

**निर्वाणमूर्ति किम्डोल विहारको प्राङ्गणमा नवनिर्मित कुशीनगर शैलीको धम्महल भित्र स्थापित २८ जना बुद्ध प्रतिमाहरूको नामावली र यस प्रतिमाका दाताहरूको नामावली– (भनिन्छ (शाक्यमुनि बुद्ध) तत्कालिन सुमेध ऋषीले दीपंकर तथागत समक्ष बुद्ध वन्ने आशिर्वाद प्राप्त गरेको सारमण्ड कल्प देखि हाल बुद्धत्त्व प्राप्त गर्नुभएको भद्र कल्प भित्र उत्पन्न हुनुभएका) २८ जना बुद्धहरूको प्रतिमाको नामावली यहाँ उल्लेख गरिएको छ –**

१) **तण्हङ्कर बुद्ध** – साहु श्री द्रव्यमानसिंह तुलाधर, श्रीमती बसुन्धरा तुलाधर, नक्साल
२) **मेधङ्कर बुद्ध** – स्व. ङवाङ्ग दोर्जे खडकार, जावलाखेल
३) **सरणङ्कर बुद्ध** – श्रीमान् श्रीमती ताराकेशरी ढुङ्गाना, लाजिम्पाट
४) **दीपङ्कर बुद्ध** – श्री लोकदर्शन बज्राचार्य, श्रीमती बसन्तीदेवी बज्राचार्य, कमलादी
५) **कोडञ्य बुद्ध** – श्रीमान् श्रीमती करुणा सिद्धि, छाउनी
६) **मङ्गल बुद्ध** – स्व. बा माया नामं पदमा तुलाधर, स्वयम्भु
७) **सुमन बुद्ध** – सियोना कंसाकार, कालिमाटी (हाल यू.एस.ए.)
८) **रेवत बुद्ध** – स्व. सोनाम ग्यालमो सिवगोपाल, जावलाखेल
९) **सोभित बुद्ध** – श्रीमती छोडेन खडकार (विमला) सपरिवार
१०) **अनोमदस्सी बुद्ध** – स्व. छे आङजु सिवगोपाल, क्षेत्रपाटीको पूण्य स्मृतिमा
११) **पदुम बुद्ध** – Mother Lee Gui Nam, Han Sun Mi, Korea
१२) **नारद बुद्ध** – स्व. छोरा छेवाङ्ग तासि, जावलाखेलको पूण्य स्मृतमा
१३) **पदुमुत्तर बुद्ध** – मोतिशोभा, छोरा नविन सपरिवार, बखुण्डोल
१४) **सुमेध बुद्ध** – मोतिशोभा, छोरा दिनेश सपरिवार, बखुण्डोल
१५) **सुजाता बुद्ध** – मोतिशोभा, छोरा राजेश सपरिवार, बखुण्डोल
१६) **पियदस्सी बुद्ध** – श्रीमान् श्रीमती भवानी उपाध्याय, सानेपा
१७) **अत्थदस्सी बुद्ध** – श्रीमान् श्रीमती यमुना प्रधान, स्वयम्भु
१८) **धम्मदस्सी बुद्ध** – श्रीमान् श्रीमती दानकेशरी शाक्य, भेडासीं
१९) **सिद्धत्थ बुद्ध** – श्रीमान् श्रीमती मथुराशोभा शाक्य, ठमेल
२०) **तिस्स बुद्ध** – श्रीमान् श्रीमती चिनीयादेवी शाक्य, बागबजार
२१) **फुस्स बुद्ध** – श्रीमती शिलाशोभा कंसाकार, स्वयम्भु
२२) **विपस्सी बुद्ध** – दावा दोल्मा, ठमेल
२३) **सिखी बुद्ध** – श्रीमती श्री रञ्जितकार सपरिवार, सीतापाइला
२४) **वेस्सभु बुद्ध** – स्व. विश्वलक्ष्मीको पूण्य स्मृतिमा दाता पदमरत्न तुलाधर, पदमकेशरी कंसाकार
२५) **ककुसन्ध बुद्ध** – श्री राजेश श्रेष्ठ, शोभा श्रेष्ठ सपरिवार, सीतापाइला हाउजिङ्ग
२६) **कोणागमण बुद्ध** – श्री रवि श्रेष्ठ सपरिवार, सीतापाइला हाउजिङ्ग
२७) **कस्सप बुद्ध** – श्री बाबुराजा कंसाकार, निर्मला कंसाकार, छोरीहरू मेरीना, इरीना व इरीसा, बुरांख्यो
२८) **गौतम बुद्ध** – श्री हरिकृष्ण डंगोल र इन्दिरा साहु डंगोल, नयाँबजार, सोनी साहुखलः र कार्ल ग्रिपेन्ट्राग, U.S.A.

सुखि अत्तानं परिहरन्तु !



Downloaded from http://www.dhamma.digital

# पुन:निर्मित निर्वाणमूर्ति किम्डोल विहार एवं नवनिर्मित कुशीनगर शैलीको धम्महल समुद्घाटन



किम्डोल विहारको नव निर्मित मूल भवन

*प्रस्तुती- शुभवती गुरुमां*

*२०६८ पौष २१ गते। स्थान- निर्वाणमूर्ति विहार, स्वयम्भू*

श्रद्धेय धम्मचारी गुरुमां (दिवंगत) को नेतृत्त्वमा थरेवादी गुरुमांहरूको पहिलो विहारको रुपमा वि.सं. २००६ सालमा स्थापित निर्वाण मूर्ति किम्डोल विहारको पुरानो भवनलाई विभिन्न दाताहरूको सामूहिक सहयोगद्वारा पुन: निर्माणगरी नयाँ भव्य भवनको रुपमा खडा गरिएको छ। उक्त भवन यही २०६८ पौष २१ गतेका दिन संघनायक भिक्षु अश्वघोष महास्थविरले दीप प्रज्ज्वलन गर्नुभई विशिष्ट अतिथि सयादो उ वण्णधज भन्तेले समुद्घाटन गर्नुभएको थियो।

यसरी नै निर्वाणमूर्ति विहारको प्राङ्गणमा रहेको कुशीनगर शैलीको धम्महल दाता द्रव्यमान सिंह र वसुन्धरा तुलाधर प्रमुख सपरिवारको सहयोगबाट पुन:निर्माण गरिएको थियो। यस धम्महललाई संघनायक भिक्षु अश्वघोष महास्थविरद्वारा समुद्घाटन गरिएको थियो भने सयादो वण्णधज महास्थविरले दीप प्रज्ज्वलन गर्नुभएको थियो।

स्मरणीय छ, महापरिनिर्वाण मूर्ति स्थापना गरिएको कुशीनगर शैलीमा नवनिर्मित उक्त धम्महल माथि बुद्धगया शैलीको चैत्य निर्माण गरी चैत्य मुन्तिर धम्महल भित्र वर्मा शैलीको बुद्ध मूर्ति कलात्मक आशनमा विराजमान गराई प्रतिस्थापन गरिएको थियो।

समुद्घाटन पश्चात् एक विशेष समारोह सञ्चालन गरिएको थियो। संघनायक भिक्षु अश्वघोष महास्थविरको सभापतित्त्व, सयादो वण्णधज महास्थविरको विशेष आतिथ्य एवं भिक्षु ज्ञानपूर्णिक महास्थविरको प्रमुख आतिथ्यमा सञ्चालित उक्त कार्यक्रममा दोगुणवती गुरुमां, धम्मवती गुरुमां, श्रीलंकाका राजदूत एवं अन्य अतिथिहरूको पनि उपस्थिति रहेको थियो।

कार्यक्रममा लोचनतारा तुलाधरद्वारा सम्पादित किम्डोल विहार स्मारिका भिक्षु अश्वघोष महास्थविर, सयादो वण्णधज महास्थविर ज्ञानपूर्णिक महास्थविर एवं धम्मवती गुरुमांद्वारा संयुक्त रुपमा विमोचन गरिएको थियो।

कार्यक्रमको शुरुवात संघनायक भिक्षु अश्वघोष महास्थविर समक्ष पञ्चशील प्रार्थना गरी सञ्चालन गरिएको थियो भने भन्ते गुरुमांहरूबाट पलिस्था पाठ पनि गरिएको थियो। डा. धम्मविजया गुरुमांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा दाता द्रव्यमान सिंह तुलाधरज्यूले दानानुमोदन आग्रह तथा आयको मन्तव्य पनि व्यक्त गर्नुभएको थियो। सो पश्चात् किम्डोल विहारमा रहनुभई आफ्नो स्वास्थ्य लाभ गरिरहनुभएकी धम्मवती गुरुमांको लागि सयादो वण्णधज भन्तेले मैत्री वचन वाचन गर्नुभएको थियो।

